स्थानीय सरकार

# फक्ताङलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ

१ नं. प्रदेश नेपाल

## विद्यालय लेखा परीक्षण सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२।०५।१९

यस फक्ताङलुङ गाउँपालिका अन्तरगतका सम्पुर्ण सामुदायिक विद्यालयहरु तथा बाल विकास केन्द्रहरुको आ.व. २०८१।८२ को स्वतन्त्र लेखा परिक्षण गर्नका निम्ति तपसिल उल्लेखित कागजात पेश तथा सर्तबन्देज पालना गर्ने सर्तमा योग्यता पुगेका लेखापरिक्षक/फर्म/संस्थाहरुलाई यो सूचना सूचना प्रकाशित भएको १५ दिन भित्रमा आफ्नो फर्म यस पालिकामा सुचिकरण गरि आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघि वा रितपुर्वक नआएका आवेदन उपर कुनै कारवाही गरिने छैन।

तपसिल

**१. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

क) निवेदन (आवेदकको ठेगाना, मोवाईल नं., ईमेल ठेगाना आदी स्पष्ट खुल्ने गरि)

ख) दर्ता तथा नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि,

ग) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र प्रतिलिपि,

घ) गत आ.व.को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,

ङ) नेपाल चार्टड एकाउन्ट संस्थाबाट प्रदान गरिएको पेशागत प्रमाणपत्रको प्रतिलिपि

**२. शर्त बन्देजहरु:**

क) जिम्मेवारी तोकिएको सम्बन्धित विद्यालयमा उपस्थित भई लेखा परिक्षण गर्नु पर्ने ।

ख) नियुक्ति पाएको १ महिना भित्रमा विद्यालय लेखा परिक्षण सम्पन्न गरि १ प्रति लेखा परिक्षण प्रितवेदन यस शाखामा पेश गरि सक्नु पर्ने अन्यथा जिम्मेवारीबाट हटाईने।

ग) प्रचलित कानुन बमोजिम कार्य गर्ने तथा पारिश्रमिक बुझेको भरपाई सम्बन्धित विद्यालयलाई अनिवार्य उपलब्ध गराउनु पर्ने ।

**थप जानकारीका लागि: ९८५२६६०१७८**

..............................

(जय प्रसाद रिजाल)

शाखा प्रमुख